(आ.व. २०८२/०८३) वैठक नं.

आज मिति २०८२ साल चैत्र १९ गते विहिवारका दिन हरिपुर नगर कार्यपालिकाको वैठक नगर प्रमुख श्री गोपाल पजियार ज्यूको अध्यक्षतामा बसि निम्न अनुसारको प्रस्तावहरुको विषयमा छलफल गरि निर्णय गरियो ।

## उपस्थिती

| क्र स | नाम थर | पद | हस्तखत |
|---|---|---|---|
| १ | गोपाल पजियार | नगर प्रमुख | |
| २ | निलम देवी राय यादव | नगर उपप्रमुख | |
| ३ | नानी वावु थापा | सदस्य(वडा अध्यक्ष वडा नं.१) | |
| ४ | निल विक्रम थापा | सदस्य (वडाअध्यक्ष वडा नं.२) | |
| ५ | लाल महम्द शेष | सदस्य (वडाअध्यक्ष वडा नं.३) | |
| ६ | संजय प्रसाद साह | सदस्य (वडा अध्यक्ष वडा नं.४) | |
| ७ | सुरेन्द्र प्रसाद चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.५) | |
| ८ | प्रेमहरि श्रेष्ठ | सदस्य (वडाअध्यक्ष वडा नं.६) | |
| ९ | मनोज कुमार चौधरी | सदस्य (वडा अध्यक्ष वडा नं.७) | |
| १० | हरि बहादुर थापा | सदस्य (वडाअध्यक्ष वडा नं.८) | |
| ११ | विश्वनाथ राय | सदस्य (वडाअध्यक्ष वडा नं.९) | |
| १२ | फिरोजा खातुन | सदस्य (महिला) | |
| १३ | सुमित्रा देवी | सदस्य (महिला) | |
| १४ | सिमरिखिया देवी दास | सदस्य (महिला) | |
| १५ | गंगीया देवी | सदस्य (महिला) | |
| १६ | चितोरिया कुमारी चौधरी | सदस्य (महिला) | |
| १७ | सिताशरण साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १८ | हिरा विश्वकर्मा | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| १९ | सन्तोष प्रसाद साह | सदस्य ( दलित तथा अल्पसंख्यक) | |
| २० | विनय पौडेल | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

मिति २०८२।१२।१९

## मिति २०८२/१२/१९ गते बसेको नगर कार्यपालिकाको बैठकमा प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

१. पूर्व निर्णयको समीक्षा सम्बन्धमा ।
२. तराई-मधेश समृद्धि कार्यक्रम सम्वन्धमा ।
३. विज्ञान प्रदर्शनी आयोजना सम्वन्धमा ।
४. सामाजिक परीक्षण कार्यक्रम सम्वन्धमा ।
५. सामाजिक सुरक्षा नीति स्वीकृत सम्बन्धमा ।
६. प्रदेश सरकारको समपुरक अनुदान र विशेष अनुदान कार्यक्रम सम्वन्धमा ।
७. ग्राफिक डिजाइनिंग (Graphic Designing) तालिम सम्वन्धमा ।
८. आर्थिक सहयोग सम्वन्धमा ।
९. माघी पर्वको भुक्तानी सम्वन्धमा ।
१०. "घ" वर्गको इजाजत प्रमाणपत्र सम्वन्धमा ।
११. चेतना सन्देश नेपाललाई अनुदान रकम सम्वन्धमा ।
१२. थारु संस्कृति संरक्षण प्रवर्धन केन्द्रको अधुरो भवन निर्माण कार्य सम्वन्धमा ।
१३. वडा नं. ७ को बाँधको ढोका सम्वन्धमा ।
१४. पिडारी ढावटोल स्वास्थ्य इकाई स्थापना गर्ने सम्वन्धमा ।
१५. योजना संशोधन सम्वन्धमा ।
१६. महिला स्वास्थ्य स्वयंसेवीका कोष संचालन कार्यविधि सम्वन्धमा ।
१८. विविध सम्वन्धमा ।

निर्णयहरु

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको पछिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गर्दै उक्त निर्णयहरु यथाशीघ्र कार्यान्वियन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा तराई मधेश समृद्धी कार्यक्रमको मिति २०८२।११।२५ गतेको सूचना वमोजिम यस हरिपुर नगरपालिकाको अगामी आ.व. २०८३।०८४ को लागि तराई मधेश समृद्धी कार्यक्रमबाट देहायका योजना संचालन गर्न देहायका योजना छनौट गरी माग गर्ने निर्णय गरियो ।

देहायका योजना

| क्र.सं. | योजनाको नाम | योजनाको ठेगाना | तराई मधेश समृद्धी कार्यक्रमको ७० प्रतिशत रकम रु. | नगरपालिकाको ३० प्रतिशत रकम रु. | प्राथमिकिकरण |
|---|---|---|---|---|---|
| १ | पच्छगछिया टोल देखि चिताइन कछडिया टोल सम्म सडक ढलान कार्य | हरिपुर नगरपालिका वडा नं. ७ | ४००००००।०० | १२०००००।०० | १ |
| २ | श्रवण जनता प्राथमिक विद्यालयको भवन निर्माण | हरिपुर नगरपालिका वडा नं. ७ | ४००००००।०० | १२०००००।०० | २ |

मिति २०८२।१२।१९

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | खानेपानी तथा सरसफाइको पाइप लाइन तथा धारा निर्माण तथा जडान कार्य | हरिपुर नगरपालिका वडा नं. १ | ४००००००।०० | १२०००००।०० | ३ |
| ४ | फरहदवा वडा कार्यालयको बाटोमा सडक ढलान | हरिपुर नगरपालिका वडा नं. ३ | ४००००००।०० | १२०००००।०० | ३ |

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिकाको पन्ध्रौ नगरसभाद्वा स्वीकृत नगर विकास योजना अन्तर्गत रहेको चालुगत खर्च शीर्षक नं. २२५२९ को विद्यालयमा उपचारात्मक शिक्षण कार्य शीर्षकमा विनियोजन भएको रकम रु. ४,००,०००।०० लाई शीर्षक परिवर्तन गरी उक्त रकमबाट विद्यालयमा विज्ञान प्रर्दशनी कार्यक्रम सञ्चान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको पन्ध्रौ नगरसभामा स्वीकृत नगर विकास योजना अन्तर्गत रहेको चालुगत खर्च शीर्षक नं. २२५२९ मा रहेको कार्यक्रम खर्च शीर्षकमा विनियोजन भएको रकम रु. ७,००,०००।०० मध्येबाट यस नगरपालिकाको सामाजिक परीक्षण कार्यका लागि रकम रु. ३,००,०००।०० विनियोजन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगर कार्यपालिकाको मिति २०८२/११/२७ गतेको बैठकमा पेश भएको सामाजिक सुरक्षा नीति, २०८२ मा छलफल भई अर्को बैठकबाट सवीकृत गर्ने भनि भएको निर्णयानुसार उक्त सामाजिक सुरक्षा नीति, २०८२ लाई यस बैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकामा देहाय अनुसारको मधेश प्रदेशको समपुरक अनुदान तथा बिशेष अनुदान सम्वन्धीको योजना प्रदेश सरकारसँग माग गर्ने निर्णय गरियो ।

क. आगामी आ.व. २०८३/०८४ को लागी प्रदेश समपुरक अनुदान सम्वन्धी कार्यविधि २०७८ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने समपुरक अनुदान योजना

| क.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित बजेट |
|---|---|---|---|
| १ | वडा नं. ९ ढावटोल देखि लक्ष्मीपुर जाने बाटो सडक ढलान कार्य | हरिपुर-९ देखि हरिपुर ६ सम्म | ६० लाख |

ख. आगामी आ.व. २०८३/०८४ को लागी विशेष अनुदान सम्वन्धी कार्यविधि २०८१ बमोजिम तपसिल बमोजिम प्राथमिकता हुने गरी योजना छनौट गरी पठाउने निर्णय गरियो ।

प्रदेश सरकारसँग माग गर्ने विशेष अनुदान योजना

| क.सं. | योजना/कार्यक्रमको नाम | संचालन हुने स्थान | अनुमानित |
|---|---|---|---|

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

*मिति २०८२।१२।१९*

| | | | बजेट |
|---|---|---|---|
| १ | हरिपुर नगरपालिका भरी विद्युतीय चुल्लो वितरण कार्यक्रम | हरिपुर-१ देखि ९ सम्म | २५ लाख |

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस नगरपालिंका कार्यालयमा कार्यरत सूचना प्रविधि अधिकृत श्री आनन्द हरि मैनालीलाई नगरपालिकाका सूचना तथा सन्देशहरूलाई भिजुअल माध्यम (Visual Media) बाट सर्वसाधारणसम्म पुऱ्याउन र कार्यालयको प्राविधिक कार्यसम्पादनमा थप व्यावसायिकता ल्याउन साथै क्षमता अभिवृद्धि गर्न ग्राफिक डिजाइनिंग (Graphic Designing) कोर्षको तालिममा सहभागि गराउने र उक्त तालिममा लाग्ने शुल्क रु. २४८६०।०० यस नगरपालिका कार्यालयको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. ४० मा रहेको सूचना प्रणाली तथा सफ्टवेयर संचालनमा खर्च शिर्षकमा रहेको रकम रु. १५००००।०० मध्येबाट खर्च गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ८ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा विभिन्न मितिमा आर्थिक सहायताको लागि पेश भएको देहायका निवेदनहरुलाई श्रीमान् नगर प्रमुख ज्यूको तोक आदेश अनुसार आर्थिक सहायताको हरिपुर नगरपलिकाको आर्थिक सहायता वितरण कार्यविधि २०७९ मा परिच्छेद ३ मा ७ र ८ मा उल्लेख भए अनुसारको रकम आ.व. २०८२।०८३ को पन्ध्रौं नगरसभाको नगर विकास योजनाको हरिपुर नगरपालिकाको चालुगत खर्च शिर्षकमा विपन्न परिवारलाई आर्थिक सहयोग खर्च शिर्षकमा विनियोजन भएको रकमबाट भुक्तानी गर्ने निर्णय गरियो ।

| क्र.सं. | आर्थिक सहायताको लागि पेश भएको निवेदनको नाम | वार्ड नं. | ठेगाना | के कारण आर्थिक सहायता माग गरेको | वडा समितिको निर्णय मिति र पाना नं. | वडा कार्यालयको मिति, च.नं. | आर्थिक सहायता रकम रु. |
|---|---|---|---|---|---|---|---|
| १ | भिखारी साह फकिर | ५ | हरिपुर | स्वास्थ्य उपचार | २०८२।१०।२७ | २०८२।१०।२२७ च.नं. ८६४ | ६०००।०० |
| २ | लक्ष्मी देवी | ८ | हरिपुर | सार्वजनिक ब्रम्हथानको पिपल रुक काटनु पर्ने | २०८२।१२।११ | २०८२।१२।११ गते च.नं. ७६८ | ६०००।०० |

प्रस्ताव नं. ९ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ७ को प.सं. २०८२।०८३, च.नं. ८८८, मिति २०८२।१२।१२ गतेको रकम भुक्तानी सम्वन्धको प्राप्त पत्रानुसार हरिपुर थारु कला संस्कृती आयोजना समिति हरिपुर न.पा.-७, पच्छगछिया, सर्लाहीले माघी महोत्सव कार्यक्रम संचालन गर्न यस नगरपालिकाको आ.व. २०८२।०८३ को पन्ध्रौ नगरसभाको नगरस्तरीय र वडास्तरीय योजनामा पाना नं० ५१ को सि.नं. ६९ मा रकम रु. ५०००००।०० र वडास्तरीय पेज नं. ६१ को सि.नं. १७ मा रकम रु. १०००००।०० विनियोजन भएको रकमबाट उक्त माघी महोत्सव कार्यक्रम सम्पन्न भएको हुंदा प्राविधिकको मूल्यांकन र विल भर्पाई बमोजिम हरिपुर थारु कला संस्कृती आयोजना समिति हरिपुर न.पा.-७, पच्छगछिया, सर्लाहीलाई रकम भुक्तानी गर्ने निर्णय गरियो ।

मिति २०८२।१२।१९

प्रस्ताव नं. १० मा छलफल गर्दा यस हरिपुर नगरपालिका कार्यालयमा देहायका निर्माण ब्यवसायीहलाई प्राविधिक प्रतिवेदन लगायत आवश्यक सम्पुर्ण कागजातको आधारमा नियमानुसार निर्माण ब्यवसायको लागि "घ" वर्गको इजाजत प्रमाणपत्र सम्वन्धमा आवश्यक छलफल तथा अध्ययन गरी अगामी कार्यपालिकाको वैठकबाट स्वीकृत गर्ने निर्णय गरियो ।

देहाय

| क्र.सं. | निर्माण ब्यवसायको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | Ashwin Consultant Construction & Suppliers Pvt. Ltd., | Haripur Municipality-2, Sarlahi | प्रोपराइटर सन्तोषी बिष्ट ९८०१६७७७२० |

प्रस्ताव नं. ११ मा छलफल गर्दा यस नगरपालिकाको १५ औं नगरसभाको ८ नं. वडाको चालु आ.व. २०८२।०८३ को चालुगत खर्चको पेज नं. ८७ को सि.नं. १६ को खर्च शिर्षक नं. २७२१९ मा चेतना सन्देश बाल गृह घुर्कौली हरिवनलाई अनुदान, रकम रु. १०००००।०० विनियोजन भएको रकमबाट चेतना सन्देश बाल गृह घुर्कौली हरिवनको प.सं. २०८२।०८३, च.नं. ६, मिति २०८२।१२।११ गतेको अनुदान रकम निकासा सम्वन्धको पत्र, साथै सन्देश नेपालको २०८१।०८२ को लेखापरीक्षण प्रतिवेदन, प्रगति प्रतिवेदन, संस्थाको करचुक्ता तथा प्रमाणपत्रहरु र प्रस्तावना पत्र बमोजिम यस हरिपुर नगरपालिकाको अनुदान वितरण सम्वन्धी मापदण्ड, २०८० अनुसार रकम रु. १०००००।०० चेतना सन्देश बाल गृह घुर्कौली हरिवन, सर्लाहीलाई भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२ मा छलफल गर्दा यस नगरपालिकाको १६ औं नगरसभामा थारु संस्कृति संरक्षण प्रवर्धन केन्द्रको अधुरो भवन निर्माण कार्य, लालबन्दी-३ लाई रकम रु. १००००००।०० विनियोजन भएको रकमबाट थारु संस्कृति संरक्षण प्रवर्द्धन केन्द्र, लालबन्दी न.पा.-३, जब्दी, भैरवपुर, सर्लाहीको प.सं. २०८२।०८३, च.नं. ४, मिति २०८२।१२।०५ गतेको थारु संस्कृति संरक्षण प्रवर्धन केन्द्रको अधुरो भवन निर्माण कार्य, लालबन्दी-३ को भवन निर्माण कार्य संचालन गर्न समितिको निर्णय सहित प्राप्त पत्रानुसार सो कार्य थारु संस्कृति संरक्षण प्रवर्धनमा टेवा र सहयोग तथा समन्वय हुने भएकोले नगरपालिकाले सो कार्य सोझै खरिद प्रक्रियाबाट गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ७ को प.सं. २०८२।०८३, च.नं. ५१९, मिति २०८२।०९।२२ गतेको बाँधको ढोका सम्वन्धको प्राप्त पत्रानुसार पुर्वमा नगरपालिका लालबन्दी सिस्वा गाउँ पश्चिम नगरपालिका हरिपुर चिताइन गाउँको सिमानामा पर्ने पिपरा चौरीको बाँधको ढोकामा लागेका सम्पुर्ण सिट खराव भई बाँध बाँधी कुलोमा पानी सिंचाइ नहुने भएकोले उक्त बाँधमा ढोका र अन्य बाँधमा मर्मत सम्भार गर्नु पर्ने भएको हुँदा यस नगरपालिकाको १५ औं नगरसभाको चालुगत खर्चको पेज नं. ५० को सि.नं. २९ मा

हरिपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
हरिपुर, सर्लाही
मधेश प्रदेश, नेपाल
२०७३

मिति २०८२।१२।१९

निर्मित सार्वजनिक सम्पतिको मर्मत सम्भार खर्चमा विनियोजन भएको रकमबाट प्राविधिकको लागत अनुमान अनुसारको रकम खर्च हुने गरी बाँधको ढोकाको मर्मत सम्भार गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १४ मा छलफल गर्दा यस नगरपालिका वडा नं. ९ पिडारी ढावटोल स्वास्थ्य इकाई स्थापना गर्न सो स्वास्थ्य इकाईको स्थापना गर्न आवश्यक अध्ययन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न यस नगरपालिकाको स्वास्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १५ मा छलफल गर्दा यस नगरपालिका वडा नं. १ को प.सं. २०८२।०८३, च.नं. १२३०, मिति २०८२।१०।१९ गतेको प्राप्त पत्रानुसार १ नं. वडाको वडास्तरीय योजनाको पेज नं. ७४ को सि.नं. ८ मा हजार विघा बजारमा टायल्स र आराम कुर्शी निर्माण योजनालाई हजारविघा बजारमा जिकज्याक ब्लक र आराम कुर्सी निर्माण नामक योजना राख्ने र सो संशोधित योजना अगामी नगरसभाबाट अनुमोदन गराउने निर्णय गरियो ।

प्रस्ताव नं. १६ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गत महिला स्वास्थ्य स्वयंसेवीका कोष संचालन कार्यविधि/विधान, २०८२ लाई अनुमोदन गरी स्वीकृत गर्ने निर्णय गरियो ।